apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १२८ ● पृष्ठः ४ ● १२ जेठ २०८३ मंगलबार (26 May 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




एमालेले कार्यकर्ताको लेबीबाट सरकारलाई ब्याजसहित फर्कायो भिआइपी उपचार खर्च

समाचार पृष्ठ ४

# छोटी भन्सार पुनःस्थापनाको माग चर्कियो

## सिरहाको जिरोमाइलमा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध, स्थानीयदेखि राजनीतिक दलसम्म आन्दोलनमा



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ११ गते**

सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय खारेज गर्ने सरकारको निर्णयविरुद्ध आन्दोलन थप चर्किएको छ। भन्सार कार्यालय पुनःस्थापनाको माग गर्दै स्थानीयवासी, व्यापारी, जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ताले सोमवार पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेका छन्।

भन्सार पुनःस्थापना संघर्ष समितिको नेतृत्वमा धनगढीमाई नगरपालिका-१० स्थित जिरोमाइल बजारमा गरिएको प्रदर्शनका क्रममा आन्दोलनकारीहरूले टायर बाल्दै एक घण्टाभन्दा बढी सडक जाम गरेका थिए। प्रदर्शनका कारण पूर्व-पश्चिम महेन्द्र राजमार्गमा सयौं सवारीसाधन रोकिएका थिए भने हजारौं यात्रुले चर्को गर्मीमा सास्ती खेप्नुपरेको थियो।

प्रदर्शनकारीहरूले सरकारले बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गरेर सीमावर्ती क्षेत्रको व्यापार, राजस्व संकलन तथा स्थानीय जनजीवनमाथि प्रत्यक्ष असर पुऱ्याएको आरोप लगाएका छन्। उनीहरूले समयसापेक्ष रूपमा भन्सार कार्यालयको स्तरोन्नति गर्नुपर्नेमा उल्टै खारेज गर्नु सरकारको गलत निर्णय भएको बताएका छन्।

नेपाल सरकारले २०८३ वैशाख २१ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो। त्यसयता स्थानीयवासी निरन्तर आन्दोलनमा छन्। आन्दोलनकारीहरूले वैशाख २३ गते जिल्ला प्रशासन कार्यालय सिरहामार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका थिए भने वैशाख २४ देखि २८ गतेसम्म चरणबद्ध आन्दोलनसमेत गरेका थिए। तर, मागप्रति सरकारले कुनै चासो नदिएको भन्दै आन्दोलनलाई

बाँकी पृष्ठ ३

# मधेश प्रदेशमा पहिलो पटक मधेशवादी दलविनाको सरकार

## तीन दलले टुंग्याए मन्त्रालयको भागबण्डा




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ११ गते**

मधेश प्रदेशमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले अर्थ मन्त्रालय पाउने भएपछि मन्त्रालय भागबन्डाको विवाद टुंगिएको छ। दुई दिनदेखि नेकपा एमाले र नेकपाबीच सो मन्त्रालयलाई लिएर विवाद भएको थियो।

नेकपाले सरकार छाड्नेसम्मको धम्की दिँदै आएको थियो। सरकार ढल्ने सम्भावना देखिएपछि अन्ततः मुख्यमन्त्री कृष्णप्रसाद यादवले अर्थ मन्त्रालय नेकपालाई दिन सहमति जनाएका हुन्।

सत्तारुढ दलबीचको निर्णयअनुसार एमाले र नेकपा दुवैले चार/चारवटा मन्त्रालय पाउने छन्। नेकपाले यसअघि ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय गरी तीनवटा मन्त्रालय सम्हाल्दै आएको छ।

एमाले सांसद शारदादेवी थापाका अनुसार एमालेले भौतिक पूर्वाधार विकास मन्त्रालय, शिक्षा तथा संस्कृति

बाँकी पृष्ठ २

# सहिद हेमनारायण गोल्डकप

## सलहेश युवा क्लब सेमिफाइनलमा




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ११ गते**

चौथो संस्करणको सहिद हेमनारायण गोल्डकप फुटबल प्रतियोगिता २०८३ अन्तर्गत तेस्रो क्वार्टरफाइनल खेलमा सलहेश युवा क्लब सिराहाले कामख्या स्पोर्ट्स क्लब बक्सरलाई १-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।

प्रतिस्पर्धात्मक खेलमा सलहेश युवा क्लबका सुशिल यादवले खेलको ३३औं मिनेटमा गरेको एकमात्र गोल नै निर्णायक बन्यो। उत्कृष्ट प्रदर्शन

बाँकी पृष्ठ ३

# मधेशमा बढ्दो बेरुजु

## लेखापरीक्षण रकमका आधारमा प्रदेशगत रूपमा सबैभन्दा धेरै बेरुजु मधेश प्रदेशको

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ११ गते**

मधेश प्रदेश सरकारमा मन्त्रालय र मातहतका कार्यालयहरूले सार्वजनिक खर्चमा वित्तीय अनुशासन पालना नगर्दा बेरुजु बर्सेनि बढ्दै गएको छ। लेखापरीक्षण रकमका आधारमा गरिएको विश्लेषणमा प्रदेशगत हिसाबमा सबैभन्दा धेरै बेरुजु मधेश प्रदेशको देखिएको छ। आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका काम-कारबाही समेटेर तयार पारिएको महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदनमा मधेश प्रदेश सरकारले गर्ने खर्चमा वित्तीय अनुशासन कमजोर हुँदा बेरुजु निकै बढेको देखिएको छ।




आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को (त) र प्रदेशको यससम्बन्धी कानुनमा प्रचलित कानुनबमोजिम रीत नपुऱ्याई कारोबार गरेको, लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबारलाई बेरुजुका रूपमा परिभाषित गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ को महालेखाको प्रतिवेदनअनुसार मधेश प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट एक अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ बेरुजु देखिएको छ। यो बेरुजु प्रदेशगत हिसाबमा सबैभन्दा बढी हो। महालेखा परीक्षकको ६३औं वार्षिक प्रतिवेदनअनुसार सरकारी खर्चमा वित्तीय अनुशासन कमजोर हुँदा सातै प्रदेशमा बेरुजु रकम बढेको हो। मधेशपछि क्रमशः कोसी, लुम्बिनी, गण्डकी र सुदूरपश्चिमको बेरुजु रकम बढी छ। प्रदेशहरूमध्ये बागमतीको बेरुजु सबैभन्दा कम ६९ करोड ३७ लाख ९४ हजार रुपैयाँ छ।

मधेश प्रदेशको बेरुजु रकममध्ये असुल गर्नुपर्ने पाँच करोड ६० लाख

बाँकी पृष्ठ ४

# भैँसी खेतमा पसेको निहुँमा दलित महिलामाथि कुटपिट



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ११ गते**

सिरहामा एक दलित महिलामाथि कुटपिट गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। नरहा गाउँपालिका–३ का ५५ वर्षीय पवित्रनारायण यादवलाई प्रहरीले

बाँकी पृष्ठ ३

व्यवसायिक खेतिमा विषादीको कम प्रयोग

कम विषादी, राम्रो बाली,
स्वस्थ रहोस् हाम्रो थाली ।
सजग किसान, सहि पहिचान,
प्राकृतिक–अर्ग्यानिक
खेती नै महान ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# बजेटको मुखमा संसद्मा तनावः प्रधानमन्त्री शाहलाई उपस्थित गराउने पहलमा रास्वपा



**डाकमान राई**

विपक्षी दलहरूको अवरोधपछि केही दिनका लागि स्थगित गरिएको प्रतिनिसभा बैठक पुनः मंगलवार बस्दैछ ।

प्रधानमन्त्री बालेन्द्र शाह संसदमा उपस्थित भएर जवाफ दिनुपर्ने माग गर्दै विपक्षीहरूले जारी राखेका अवरोध र १५ जेठमा बजेट ल्याउनैपर्ने सरकारको बाध्यताबीच संसद् कसरी अघि बढ्ला भन्ने चासोका साथ हेरिएको छ ।

प्रधानमन्त्री शाहबाट संसदमाथि भइरहेको उपेक्षालाई विपक्षीहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति र राप्रपाले गम्भीर भनेका छन् । पछिल्लो पटक श्रम संस्कृतिबाहेकका विपक्षीहरूले प्रधानमन्त्रीको अनुपस्थितिविरुद्ध मोर्चाबन्दीसमेत कसेका छन् ।

कांग्रेस, एमाले, नेकपा र राप्रपाले आइतवार आपसी छलफलबाट आउँदा दिनमा संसद्मा अझ सशक्त ढंगले अघि बढ्ने निष्कर्ष निकालेका छन् । यी दलका प्रमुख सचेतकहरूको संयुक्त बैठकले प्रधानमन्त्रीले संसदलाई गरिरहेको उपेक्षाको विषय सामान्य नभएको निष्कर्ष निकालेको एमाले प्रमुख सचेतक ऐन महरले बताए । सरकार पेलेर अघि बढेकोप्रति पनि विपक्षीहरू रुष्ट छन् ।

'सरकारले संसदीय मूल्य मान्यताविपरीत विपक्षीहरूको आवाजलाई दबाएर र पेलेर अघि बढ्ने दुस्साहस गऱ्यो । यस्तो गैरलोकतान्त्रिक चरित्र र सभामुखको दलीय भूमिकाबारे घनिभूत र गम्भीर छलफल गरेका छौँ । यसबारे अझ सशक्त ढंगले अघि बढ्ने निर्णय गरेका छौँ', महरले भने ।

विपक्षीहरूबीच संविधानको कार्यान्वयन, प्रतिनिधिसभा नियमावलीको पालना र लोकतन्त्रको रक्षार्थ सहकार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने साझा निचोडमा पुगेका महरले बताए ।

सुरुमा प्रधानमन्त्री शाह संसदमा आएर जवाफ दिनुपर्ने पक्षमा चट्टानी अडान कस्ने दल हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति हो । मुद्दा मिले पनि उक्त दल भने विपक्षीहरूले बोलाएका बैठकमा सहभागी भएका छैन ।

प्रधानमन्त्री शाहलाई संसदमा आउन पटक-पटक आग्रह गरे पनि नमानेपछि सभामुख डिपी अर्याल प्रतिनिधिसभा नियमावली कार्यान्वयन गर्न विफल भएका छन् । नियमावलीको नियम ५६ मा प्रत्येक महिनाको पहिलो साता कुनै एक दिनको एक घन्टा प्रधानमन्त्रीसँग प्रश्नोत्तरका लागि सभामुखले समय निर्धारण गर्नुपर्ने व्यवस्था छ तर जेठ दोस्रो साता बित्न लाग्दा पनि प्रधानमन्त्री शाहसँग प्रश्नोत्तर हुन सकेको छैन ।

प्रश्नोत्तर नभएपछि सभामुखले अर्को साताको कुनै दिन समय निर्धारण गर्ने व्यवस्था नियमावलीमा छ । त्यसैअनुसार प्रधानमन्त्रीलाई प्रश्नोत्तरका लागि उपस्थित हुन आग्रह गर्दै ७ गते सभामुख अर्याल प्रधानमन्त्री भेट्न पुगेका थिए तर प्रधानमन्त्रीले नियमावलीको बाध्यात्मक व्यवस्था विपरीत बैठकमा प्रश्नोत्तरका लागि उपस्थित हुन इन्कार गरे ।

त्यसरी सभामुखको आग्रह प्रधानमन्त्रीले नमान्नुलाई व्यवस्थापिका (संसद) लाई कार्यपालिका (प्रधानमन्त्री)ले कम आँकेको भनेर टिप्पणी भएका छन् । यसले गलत नजिर बसाउने र प्रणालीमै खतरा उत्पन्न हुने संसदीय मामिलाका जानकारहरूको बुझाइ छ ।

**मंगलवारको बैठकमा पनि विरोध जारी राख्ने**

प्रधानमन्त्री शाह उपस्थित भएर जवाफ नदिएमा मंगलवारको बैठकमा पनि विपक्षीहरूले अवरोध जारी राख्ने भएका छन् । नेकपा प्रमुख सचेतक युवराज दुलाल प्रधानमन्त्रीको जवाफ नआएसम्म सबै विपक्षीहरूले विरोध जारी राख्ने बताउँछन् ।

'हामीले विरोध जारी राख्छौँ । कुरा उठाइराख्छौँ', उनी भन्छन्, 'कि त प्रधानमन्त्री उपस्थित भएर जवाफ दिनुपऱ्यो, होइन भने सभामुखबाट स्पष्ट जवाफ त आउनुपऱ्यो नि !'

सरकार पेलेर अघि बढे पनि आफूहरू पछि नहट्ने प्रमुख सचेतक दुलाल बताउँछन् । संसदीय व्यवस्थामा गलत नजीर नबसोस्, यो व्यवस्थामा खतरा उत्पन्न हुन नदिनकै लागि आफूहरूले यस्तो कदम चालेको उनी बताउँछन् ।

'सरकारसँग संख्या छ, पेल्न त पेल्ला । तर हामी कुरा राख्न छाड्दैनौँ', उनले भने, 'किनभने यहाँ कुरा गलत नजीर र यो प्रणालीमाथिको खतरामा पर्ने संकेतहरू छन् ।'

जेठ १५ गते बजेट ल्याउँदा चाहिँ विरोध नगर्ने प्रचलन थियो । यसपटक के गर्ने भन्ने विषयमा भने विपक्षी दलहरू निष्कर्षमा पुगिसकेका छैनन् । अब भोलि-पर्सिका बैठकमा सत्तारुढ दल कसरी प्रस्तुत हुन्छ, त्यसैका आधारमा आफूहरू निणर्यमा पुग्ने उनीहरूको योजना छ ।

विपक्षी मोर्चाभन्दा अलग रहेको श्रम संस्कृतिले पनि विरोधलाई निरन्तरता दिने बताइसकेको छ । अध्यक्ष साम्पाङले दुईदिन अघि नै यसबारे जानकारी गराएका थिए । सामाजिक संजालमार्फत उनले भनेका छन्, '१२ गते पनि प्रधानमन्त्री नआउने हो भने विरोध जारी रहनेछ ।'

**प्रधानमन्त्री उपस्थित गराउने प्रयासमै रास्वपा**

रास्वपा संस्थापन पृष्ठभूमिकै सभामुख डिपी अर्यालले संसदमा प्रधानमन्त्रीलाई उपस्थित गराउनका लागि यसअघि गरेको प्रयास विफल भइसकेको छ ।

प्रधानमन्त्री संसद् आएर जवाफ नदिएसम्म अवरोध जारी राख्ने विपक्षीहरूको अडान र १५ जेठमा बजेट ल्याउनै पर्ने संवैधानिक बाध्यताले सत्तारुढ रास्वपा दबावमा छ ।

यस्तो अवस्थामा रास्वपासामू दुईवटा विकल्प रहन्छ- प्रधानमन्त्री उपस्थित गराउने वा अस्ति जस्तै पेलेर जाने । यसमध्ये पहिलो विकल्पकै पहलमा रास्वपा रहेको नेताहरू बताउँछन् ।

रास्वपा सचेतक प्रकाशचन्द्र परियारका अनुसार यसका लागि शीर्ष तहबाटै पहल भइरहेको छ । 'हाम्रो उच्चतम् तहबाटै भनौँ, सभापतिकै लेभलबाट पटक-पटकको वार्ता, भेटघाट र समन्वय भइरहेको छ', उनले भने, 'अब ढिलोचाँडो परिणाम आउला !'

यसअघि जेठ ७ मै रास्वपा सभापति सभापति रवि लामिछानेले प्रधानमन्त्री सदनमा आउने र जवाफ दिने बताएका थिए । संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, 'उहाँ संसद्मा नआउने भन्ने कुरै छैन, आइहाल्नुहुन्छ ।'

विपक्षीहरूले रास्वपा संख्याको दम्भले पेलेर अघि बढेको आरोप लगाइराख्दा रास्वपा सचेतक परियार भने विधि, प्रक्रिया र मूल्यमान्यतालाई केन्द्रमा राखेर नै अघि बढिरहेको दावी गर्छन् ।

उनी भन्छन्, 'हामी विधि, प्रक्रिया, मूल्य र मान्यतालाई केन्द्रमा राखेर काम गर्छौं । सदनको गरिमा, सदनको मर्म, सदनको मूल्य मान्यतालाई छोपेर त्यसविपरीत अगाडि बढौँ भनेका छैनौँ ।'

## मधेश प्रदेशमा पहिलो पटक मधेशवादी ..........

मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय र खेलकुद तथा समाज कल्याण मन्त्रालय पाउने सहमति भएको छ ।

एमालेबाट भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी शारदा देवी थापालाई दिने बताइएको छ । अन्य मन्त्रालयहरूमा लखनदास तत्मा, मनोज सिंहको नाम चर्चा छ भने मुहम्मद समीम यसअघि नै विनाविभागीय मन्त्री बनिसकेका छन् । तर कुन मन्त्रालय कसलाई दिने भन्ने औपचारिक सार्वजनिक गरिएको छैन ।

नेकपाबाट संसदीय दलका नेता युवराज भट्टराई अर्थमन्त्री बन्ने भएका छन् ।

सोमबारै शपथ गराउने तयारी रहेको सांसद थापाले जानकारी दिइन् । उनले भनिन्, 'सोमबार शपथ ग्रहण गराउने भनेर हामीलाई प्रदेश प्रमुखको कार्यालयमा बोलाइएको छ, खोइ कति बेला हुन्छ थाहा छैन । तयारी हुँदैछ भन्ने कुरा बुझेको छु ।'

जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले दोश्रो पटक जेठ ८ गते विश्वासको मत लिएका थिए । जनमत पार्टी सरकारबाट बाहिरिए पनि जसपा नेपाल सरकारमै थियो । तर एमालेसँग नयाँ गठबन्धन हुँदा जसपा नेपाललाई पनि सरकारबाट हटाइएको छ ।

देशमा संघीयता आएको ८ वर्षमा मधेशमा पहिलो पटक मधेशवादी दलविहीन सरकार गठन भएको हो ।

लोसपा र जसपा नेपाल मिलेर एकीकृत जसपा नेपाल बनेपछि प्रदेशको सबैभन्दा ठूलो दल बनेको छ ।

# सम्पादकीय...

## हाईमास्ट लाईट र सोलरवत्ती मर्मत गर

जिल्ला सदरमुकाम सिरहासँगै विभिन्न बजार र गाउँगाउँमा जडान गरिएका हाईमास्ट लाइटले केही महिना स्थानीयवासीलाई उज्यालोको अनुभूति दियो । सडक, चौक तथा सार्वजनिक स्थान उज्यालो हुँदा नागरिक खुशी पनि भए । रात्रीकालीन बजार सञ्चालन गर्न यस्ता हाईमास्ट लाईट निकै लाभकारी हुने गर्छ । किनभने वढी क्षेत्रसम्म यसले उज्यालो दिने गर्छ । तर अहिले धेरैजसो हाईमास्ट लाइट बिग्रिएर बन्द हुने अवस्थामा पुगेका छन् । लाखौं रुपैयाँ खर्च गरी जडान गरिएका हाईमास्ट लाईट उपयोगविहीन बन्दै गईरहेको छ । विशेषगरी सिरहा सदरमुकामको हेमनारायण चौकमा करिब १० लाख रुपैयाँ लागतमा जडान गरिएको हाईमास्ट लाइट लामो समयदेखि बल्न छाडेको छ । जसले गर्दा हेमनारायण चौक वरपरको क्षेत्र पुनः अन्धकारमय बन्न पुगेको छ । जिल्लाको मुख्य चौक भएर दैनिक हजारौं सर्वसाधारणको आवतजावत हुने गर्दछ । दिनभर अत्यधिक गर्मी हुने भएकाले अहिले रात्रीकालीन बजारको आवश्यकता अझ बढेको छ । यस्तो अवस्थामा सडकबत्ती तथा सोलार प्रणाली सञ्चालनमा हुनु अनिवार्यजस्तै हो । तर जिम्मेवार निकायको बेवास्ताका कारण नागरिकले लाखौं खचिएर जडान गरिएको वत्तिको सुविधा पाउन सकिरहेको छैन् ।

यसले सार्वजनिक सम्पत्तिको संरक्षण र नियमित मर्मतसम्भार सिरहा नगरपालिकासँगै सरोकारवाला निकायको वेवास्ता उजागर भएको छ । योजना निर्माण र उद्घाटनलाई मात्रै उपलब्धि ठान्ने प्रवृत्तिका कारणले पनि यस्तो अवस्था आउने गर्छ । हाईमास्ट लाईट जडान गर्दा त्यसको दीर्घकालीन व्यवस्थापनतर्फ ध्यान नदिंदा सरकारी लगानी बालुवामा पानी सरह हुने गरेको छ । हाईमास्ट लाइटको अवस्था पनि यस्तै हो । सडकबत्ती नहुँदा दुर्घटना, चोरी तथा अन्य आपराधिक गतिविधिको जोखिम बढ्ने गर्छ । अन्धकारका कारण सर्वसाधारण, व्यवसायी तथा यात्रु असुरक्षित महसुस गर्न बाध्य हुन्छ । बजार क्षेत्र उज्यालो नहुँदा व्यापार व्यवसायमा समेत प्रत्यक्ष असर पर्छ । सार्वजनिक सुरक्षा र आर्थिक गतिविधिसँग प्रत्यक्ष सम्बन्ध राख्ने यस्ता संरचना लामो समयसम्म बन्द हुँदा लगानी खेर जाने जोखिम मात्र हुँदैन त्यसले त्यसले अन्य समस्याहरु पनि सृजना गर्ने गर्छ ।

यसैले सिरहा नगरपालिकासगै जिल्लाका अन्य स्थानीय तह, सम्बन्धित प्राविधिक निकाय तथा सरोकारवालाले यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ । बिग्रिएका उच्चमास्ट लाइट र सडकमा जडान गरिएका सोलार बत्ती तत्काल मर्मत गरी पुनः सञ्चालनमा ल्याउन आवश्यक बजेट, जनशक्ति र प्राविधिक व्यवस्थापन गर्नुपर्छ । त्यससँगै आगामी दिनमा यस्ता संरचनाको नियमित अनुगमन तथा मर्मतसम्भारका लागि बजेटसँगै दक्ष प्राविधिक पनि तयार गरी राख्नुपर्छ । नागरिक सुरक्षाको लागि सडकहरुमा उज्यालो हुनुपर्छ । त्यसैले लाखौं लगानीमा निर्माण गरिएका सार्वजनिक संरचना अलपत्र छाड्ने प्रवृत्ति अन्त्य गरिनुपर्छ । सिरहा सदरमुकाममा जडान गरिएको हाईमास्ट लाईट र सोलार वत्तीको तत्काल मर्मत गरी पुनः बल्ने बनाउनु पर्छ । त्यसका निम्ति आवश्यक पहल सिरहा नगरपालिकाले गर्नुपर्छ । यसमा सिरहामा रहेको नेपाल विद्युत प्राधिकरण सिरहा वितरण केन्द्रले पनि आवश्यक सहजीकरण गरी दिनुपर्छ ।

# आजको राशिफल

**मेष :** शैक्षिक तथा बौद्धिक क्रियाकलापमा सफलता मिल्ने समय रहेको छ ।

**बृष :** कार्यमा मन नलाग्ने, निर्णयप्रति अन्योल देखिने तथा पारिवारिक र सामाजिक सम्बन्धमा असमझदारी बढ्न सक्ने समय छ ।

**मिथुन :** पराक्रममा वृद्धि हुने समय रहेकोले महत्वाकांक्षी कार्यहरूमा आत्मविश्वासपूर्वक अघि बढ्न सकिनेछ ।

**कर्कट :** व्यावसायिक क्षेत्रबाट मध्यम लाभ हुने देखिन्छ भने पारिवारिक पक्ष सन्तोषजनक रहनेछ ।

**सिंह :** आर्थिक लाभ तथा पारिवारिक सन्तुष्टिका लागि अनुकूल समय हो ।

**कन्या :** दैनिक जीवनमा चाप तथा खर्चको वृद्धि हुन सक्छ । वित्तीय निर्णय गर्दा विवेक अपनाउनु उपयुक्त हुनेछ ।

**तुला :** पछिल्लो समयका प्रयासहरूबाट लाभ प्राप्त हुन सक्छ । आर्थिक पक्षमा सुधार आउनेछ ।

**वृश्चिक :** नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो । व्यवसाय विस्तार, लगानी तथा नयाँ अवसरहरू खोज्न सकिनेछ ।

**धनु :** धार्मिक र सामाजिक कार्यमा सहभागी हुने अवसर प्राप्त हुनेछ

**मकर :** सावधानीपूर्वक अघि बढ्नु पर्ने समय हो । सवारी वा औजार प्रयोग गर्दा सतर्कता आवश्यक छ ।

**कुम्भ :** पेशागत यात्राको सम्भावना छ, जसबाट आर्थिक फाइदा हुनसक्छ ।

**मीन :** नयाँ योजना, लगानी वा व्यवसायको प्रारम्भ गर्न अनुकूल दिन हो ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# नयाँ सरकारको राजनीतिक नियुक्तिमा देखिँदैछ पुरानै शैली



**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ११ गते**

सबैजसो निकायका राजनीतिक नियुक्ति खारेज गरेको सरकार यतिबेला रिक्त स्थानमा नयाँ नियुक्ति तयारीमा छ।

करिब १६०० राजनीतिक नियुक्तिमध्ये हालसम्म केही संस्थामा मात्रै नियुक्ति भएको छ। केही ठाउँमा प्रक्रिया सुरु हुँदा बाँकीमा भने अझै पनि प्रक्रिया सुरुसमेत भएको छैन। धेरैजसो निकायमा कुनै न कुनै विवाद र असन्तुष्टि देखिन्छ।

**हेरौँ केही उदाहरणः**

नेपाल वायुसेवा निगमका सञ्चालक सदस्य नियुक्तिमा अनियमितता भएको भन्दै प्रधानमन्त्री कार्यालयमा उजुरी परेको छ। नियुक्ति प्रक्रिया पारदर्शी नभएको र नियुक्त भएका व्यक्तिको प्राप्तांकसमेत उल्लेख नभएको भन्दै यसबारे अन्य आवेदकहरूले उजुरी दिएका हुन्। उनीहरू अदालतसम्म पुगेका थिए, सोमबार सर्वोच्च अदालतले विपक्षी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा कारण देखाऊ आदेश जारी गरेको छ।

काठमाडौँ विश्वविद्यालयमा रजिस्ट्रार र डिनको नियुक्ति अहिले अर्को विवादको विषय बनेको छ। सरकारले ल्याएको राजनीतिक पदाधिकारीको पदमुक्तिसम्बन्धी अध्यादेशबाट हटाइएका रजिस्ट्रार र डिनहरूलाई नै कामू उपकुलपतिले पुनः नियुक्ति दिएपछि प्राध्यापकहरू अहिले असन्तुष्ट छन्।

मेरिटोक्रेसी अर्थात् योग्यता प्रणालीका आधारमा नयाँ नियुक्ति गर्नुपर्ने माग भइरहेका बेला पहिलेकै पात्रहरूलाई दोहोर्‍याइँदा समेत मोन बस्नुले सरकारको नियतमाथि प्रश्न उठाएको प्राध्यापकहरू बताउँछन्। उनीहरूले यसलाई सुधारको बाटो नभई पुरानै बेथिति जोगाउने खेलको रूपमा बुझेका छन्। यस्तै अवस्था पूर्वाञ्चल विश्वविद्यालयमा समेत छ। त्यहाँका उपकुलपतिले प्राध्यापकको परीक्षामा समेत असफल भएका व्यक्तिलाई रजिस्ट्रारमा नियुक्ति दिएको गम्भीर आरोप लागेको छ। आफूखुसी रूपमा डिनहरू नियुक्त गरेको भन्दै त्यहाँका प्राध्यापकहरू असन्तुष्ट छन्।

सार्वजनिक सेवा प्रसारण नेपालको अध्यक्ष नियुक्तिका लागि जेठ ७ गते आवेदन आह्वान गरियो, तर त्यसको भोलिपल्टै आवेदन रद्द गरियो। विशेष कारण भन्दै आवेदन रद्द गरिए पनि यसको वास्तविक कारणबारे सरकारले प्रस्ट रूपमा केही बोलेको छैन। यो घटनाले सरकारी निर्णय प्रक्रियाको अपरिपक्वता देखाएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक नियुक्ति प्रक्रिया बुधबार टुंगियो। पहिलोपल्ट खुला प्रतिस्पर्धाबाट महानिर्देशक नियुक्ति प्रक्रिया अघि बढाइएकोमा २१ जनाले आवेदन दिएका थिए। त्यसमध्ये पर्यटन मन्त्रालयका सहसचिव समेत रहेका

बाँकी पृष्ठ ४ ▸▸

## छोटी भन्सार पुनःस्थापनाको माग ..............

थप सशक्त बनाइएको संघर्ष समितिले जनाएको छ।

प्रदर्शनका क्रममा आयोजित कोणसभामा बरियारपट्टी गाउँपालिका अध्यक्ष सन्तोष कुमार महतोले भन्सार खारेजीको असर केवल बरियारपट्टीमा मात्र सीमित नरहने बताए। उनले यसले सम्पूर्ण सीमावर्ती क्षेत्रको व्यापार, स्थानीय बजार तथा सर्वसाधारणको दैनिक जीवनमा नकारात्मक प्रभाव पार्ने उल्लेख गरे।

"सानो व्यवसाय गर्ने स्थानीयले सहज रूपमा दैनिक उपभोग्य सामग्री ल्याएर उपभोक्तालाई सुलभ मूल्यमा उपलब्ध गराउँदै आएका थिए," उनले भने, "अब ढुवानी खर्च बढ्ने भएकाले आम नागरिकको भान्सा महँगो बन्ने अवस्था सिर्जना भएको छ।"

प्रदर्शनमा नेपाली कांग्रेस सिरहाका सभापति रामचन्द्र यादव, धनगढीमाई नगरपालिकाका पूर्वमेयर तथा नेकपाका नेता हरिनारायण चौधरी, औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, धनगढीमाई नगरप्रमुख शिवशंकर महतो, उपप्रमुख संगीता चौधरीलगायत विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ता तथा जनप्रतिनिधिहरू सहभागी भएका थिए। आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै उनीहरूले भन्सार कार्यालय पुनःस्थापना नभएसम्म संघर्ष जारी रहने चेतावनी दिएका छन्।

प्रदर्शनलाई लक्षित गर्दै जिरोमाइल क्षेत्रमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो। आन्दोलनकारीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै तत्काल निर्णय फिर्ता लिन माग गरेका थिए।

स्थानीयवासीका अनुसार बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द भएपछि सीमावर्ती क्षेत्रको आर्थिक गतिविधि सुस्ताएको छ। उनीहरूले राजस्व संकलन घट्नुका साथै साना व्यवसायी प्रत्यक्ष मारमा परेको दाबी गरेका छन्।

संघर्ष समितिले माग सम्बोधन नभएसम्म आन्दोलनलाई अझ सशक्त र व्यापक बनाउने चेतावनी दिएको छ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)



# श्री शारदा माध्यमिक विद्यालय

**मिर्चैया नगरपालिका-१, सिरहा**
**मधेश प्रदेश (नेपाल)**

## शिक्षक पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको विज्ञापन।

**(सूचना प्रकाशित मिति : २०८३/०२/१२)**

यस विद्यालयको वि.व्य.स.को मिति २०८३।०२।१० गतेको निर्णय तथा शिक्षा विकास तथा समन्वय इकाइ सिरहाको मिति २०८३।०२।०८को अनुमतिका आधारमा यस विद्यालयमा रिक्त रहेको तपसिल अनुसारको माँग पद संख्यामा शिक्षक पदपूर्ती गर्नुपर्ने भएकोले देहाय बमाजिमको योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त दिनहुन यो विज्ञापन प्रकाशन गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नं.** : ०१/०८२ /०८३
२. **पद** : मा.शि..(संघीय शिक्षण सिकाई अनुदान कोटा), **विषय** : अंग्रेजी
३. **माँग संख्या** : १(एक)
४. **तह** : मा.वि **श्रेणी** :तृतीय
५. **शैक्षिक योग्यता** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट मूल विषय अंग्रजी लिई स्नातक तह उत्तिर्ण भएको।
६. **परीक्षा दस्तुर** : रु.१५००।-
७. **दरखास्त दिने अन्तिम मिति** : २०८३।०२।२७ गते अपरान्ह ४ बजे सम्म।
८. **उमेर** : दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुराभई ४० वर्ष ननाघेको।
९. **परीक्षाको किसिम** : लिखित तथा अन्तर्वाता
१०. **सम्पर्क मिति** : २०८३।०३।२८ गते १ बजे पछि
११. **तलव** : मा.वि.संघीय शिक्षण सिकाई अनुदान कोटाको नियमानुसार
१२. **दरखास्त साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु –**
   क) नेपाली नागरिक्ताको प्रतिलिपी थान ..१
   ख) अध्यापन अनुमती पत्रको प्रतिलिपी थान ..१
   ग) शैक्षिक योग्यताका सवै तहका प्रमाण पत्रहरुको प्रतिलिपी थान..१/१
   घ) शिक्षक सेवा आयोगबाट करार सूचीमा सिफारिस भएको भए सो को प्रतिलिपी थान ..१
   ङ) पासपोर्ट साइजको फोटो २ प्रति
   च) निरोगिताको प्रमाण पत्र....१ प्रति
१३. **प्राथमिकता** : शिक्षक सेवा आयोगबाट करार सूचीक्रममा नाम सिफारिस भएकालाई योग्यता क्रमका आधारमा प्राथमिकता हुनेछ।
१४. **परीक्षा मिति,समय र स्थान** : पछि प्रकाशन हुनेछ।
१५. **दरखास्त दिने प्रकृया** : विद्यालय प्रशासनबाट उपलब्धहुने दरखास्त फाराम भरी उमेदवार स्वयंले प्रमाणितगरी, स्वयं उपस्थित भई कार्यालय समयमा दरखास्त दर्ता गराउनु पर्नेछ।

**विशेष जानकारीका लागी सम्पर्क नं.९८२२९१६९२५/९८०१५५३०९५**


# मधेश लोक सेवा आयोगको सदस्यमा विमला यादव नियुक्त

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ११ गते**

मधेश प्रदेश लोक सेवा आयोगको सदस्य पदमा धनुषाकी विमला यादव नियुक्त भएकी छन्।

मधेश प्रदेश प्रमुख डा.सुरेन्द्र लाभ कर्णले धनुषाको सबैला नगरपालिका-६ की विमला यादवलाई आयोग सदस्य पदमा नियुक्त गरेका हुन्।



प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता विष्णुदेव साहले जारी गरेको विज्ञप्तिमा आयोगलाई सक्षम, निष्पक्ष र प्रभावकारी बनाउन अनुभवी व्यक्तित्वलाई जिम्मेवारी दिइएको उल्लेख गरिएको छ।

## भैंसी खेतमा पसेको निहुँमा दलित महिलामाथि .............

शनिबार साँझ नयाँ चोहर्वाबाट पक्राउ गरेको हो।

यादवमाथि स्थानीय ६० वर्षीया फूलकुमारी मण्डललाई कुटपिट गरेको आरोप छ। गत वैशाख २७ गते अपराह्न आफ्नो भैँसी यादवको खेतमा गएको निहुँमा मण्डलमाथि भएको प्रहरीले जनाएको छ।

पीडित मण्डलले आफूमाथि अन्याय भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा अभद्र व्यवहारसम्बन्धी कसुरमा जाहेरी दर्ता गराएकी थिइन्। सोही जाहेरीका आधारमा जिल्ला प्रशासन कार्यालय सिरहाबाट पक्राउ पुर्जी अनुमति लिई इलाका प्रहरी कार्यालय चोहर्वाको टोलीले उनलाई नियन्त्रणमा लिएको हो।

पक्राउ परेका यादवलाई अहिले हिरासतमा राखी थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

## सहिद हेमनारायण .....

गरेका उनी "प्लेयर अफ द म्याच" घोषित हुँदै नगद रु. ३ हजारसहित ट्रफीबाट सम्मानित भए।

खेलभर दुवै टोलीले आक्रामक प्रदर्शन गरे पनि कामख्या स्पोर्ट्स क्लबले बराबरी गोल फर्काउन सकेन। सन्तुलित खेल प्रदर्शन गरेको सलहेश युवा क्लबले जितसहित अन्तिम चारमा स्थान बनाएको हो।

आयोजकका अनुसार मंगलबार हुने पहिलो सेमिफाइनल खेलमा आरआईएफसी काठमाडौं र गोलबजार युनाइटेडबीच प्रतिस्पर्धा हुनेछ।


## सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

**विविधतामा एकता भन्ने भावना विकास गरौं।**

**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी**
मधेश प्रदेश, सिरहा (नेपाल)

# एमालेले कार्यकर्ताको लेबीबाट सरकारलाई ब्याजसहित फर्कायो भिआइपी उपचार खर्च

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ११ गते**

नेकपा एमालेले भिआइपीको उपचारबापत कानुन विपरीत राज्यकोषबाट खर्च गरिएको रकम ब्याजसहित सरकारलाई फिर्ता गरेको छ।

एमालेले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा भिआइपी उपचारबापत खर्च गरिएको रकम सरकारी खातामै फिर्ता गरेको हो।

एमालेले पार्टी सदस्यहरूको लेबीबापत जम्मा गरेको रकमबाट उक्त भुक्तान गरेको पाइएको छ। पार्टीको नाममा रहेको खाताबाटै उक्त रकम भुक्तान गरेको चेक फेला पारेको छ।


एमालेले गत वैशाख २५ गते ०१२९२०४२५३०२०१ नम्बरको चेकबाट ३ करोड ६७ लाख ६० हजार ५८९ रूपैयाँ रकम फिर्ता गरेको देखिएको हो।

एमालेले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वराष्ट्रपति रामवरण यादव, पूर्वप्रधानमन्त्री झलनाथ खनालको उपचारमा खर्च भएको रकम फिर्ता गरेको हो।

परराष्ट्र मन्त्रालयमार्फत् उक्त रकम भुक्तानी भएको देखिएको छ।

जनस्वास्थ्य ऐन २०७५ को दफा ३० विपरीत भुक्तान गरेको भन्दै उक्त रकम हाल बेरूजुमा छ।

स्रोतका अनुसार कानुन विपरीत उपचार खर्च भुक्तान गरेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यसबारे छानबिन गरिरहेको छ। छानबिन टुंग्याउनुपूर्व नै एमालेले आफ्नै कोषबाट रकम फिर्ता गरेको हो।



[redacted]

एमालेले तत्कालीन प्रधानमन्त्री ओलीको उपचारमा खर्च भएको २ करोड ६३ लाख २९ हजार २८५ रूपैयाँ ब्याजसहित परराष्ट्र मन्त्रालयको खातामा दाखिला गरेको पाइएको छ। राष्ट्रिय वाणिज्य बैंकमा रहेको आफ्नो खाताबाट ९७६९०४९५ नम्बरको भौचरमार्फत् ओलीको उपचारमा खर्च भएको रकम परराष्ट्र मन्त्रालयको खातामा फर्काइएको हो।

भौचर नम्बर ९७६९०६४४ बाट पूर्वराष्ट्रपति यादवको उपचारमा खर्च भएको ४४ लाख २७ हजार ५०० रूपैयाँ ब्याजसहित परराष्ट्र मन्त्रालयको खातामा फिर्ता गरिएको छ।

त्यस्तै, भौचर नम्बर ११०८५७८० बाट पूर्वप्रधानमन्त्री झलनाथ खनालको उपचारबापत खर्च भएको ६० लाख ३ हजार ८०४ रूपैयाँ एमालेले ब्याजसहित फिर्ता गरेको छ।

भिआइपीका नाममा विगतमा सरकारले गरेको खर्च पार्टीको कोषबाट फिर्ता गरिएकोमा एमालेभित्र तीव्र असन्तुष्टि पैदा भएको छ।

शुक्रबार बसेको पार्टी सचिवालय बैठमा उपाध्यक्ष गोकर्ण विष्टले यसबारे प्रश्न उठाएका थिए।

'भिआइपीका नाममा विगतमा सरकारले गरेको खर्च एमालेले आफ्नो कोषबाट फिर्ता गऱ्यो भन्ने सुन्यौं,' विष्टको भनाइ उद्धृत गर्दै एक पदाधिकारीले भने, 'कानुन विपरीत थियो भने विगतमा किन त्यसरी खर्च गरेको हो। अहिले फेरि पार्टीको कोषबाट तिर्नु कत्तिको जायज हो? तिरेको हो कि होइन ? नेतृत्वले यसबारे जबाफ दिनुपर्छ।'

विष्टले ओलीसँगै जबाफ मागे पनि उनले कुनै जबाफ दिएनन्।

विगतका सरकारले गरेको भिआइपी उपचार खर्च कार्यकर्ताको लेबीबाट तिर्नु न्यायसंगत नभएको एमालेका एक पदाधिकारीले बताए।

'विगतमा सरकार प्रमुख हुँदा नेतृत्वले गल्ती गरेको छ भने ब्यहोर्नुपर्छ। तर त्यसको भार पार्टीलाई पार्न हुँदैन,' उनले भने।

अर्का पदाधिकारीले कुनै स्रोतबाट पार्टीको नाममा जम्मा गरेर एमाले सरकारको नाममा फिर्ता गरेको पनि हुनसक्ने बताए। यद्यपि यसबारे प्रस्ट भइनसकेको र जबाफ मागिने ती नेताले बताएका छन्।

# स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी द्वन्द्व समाधान गर्न उच्चस्तरीय समिति गठन

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ११ गते**



भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीबिच हुने विवाद समाधानका लागि उच्चस्तरीय समिति गठन गरेको छ।

विशेषगरी संघीय सरकारले पठाउने प्रमुख प्रशासकीय अधिकृत र स्थानीय तहका जनप्रतिनिधिबिच नीतिगत विषयमा विवाद हुने गरेको छ। जसका कारण समयमा निर्णय नहुने, बजेट कार्यान्वयन नहुने तथा बेरुजु बढ्ने समस्या देखिँदै आएको छ।

यी लगायतका समस्याको अध्ययन गरी दीर्घकालीन समाधान निकाल्न मन्त्रालयले सचिवको संयोजकत्वमा प्रधानमन्त्री कार्यालयका सहसचिव, नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका समेत प्रतिनिधि रहने गरी उच्चस्तरीय समिति गठन गरेको हो।

स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत लामो समयसम्म रिक्त हुने, सरुवा वा पदस्थापन गरिएका प्रमुख प्रशासकीय अधिकृत समयमै कार्यालयमा हाजिर नहुने, स्थानीय जनप्रतिनिधिसँग समन्वय नगर्ने, सुशासन विपरीतका गतिविधि र स्वार्थ प्रेरित काममा संलग्न रहने, व्यावसायिक रूपमा स्थानीय सरकारको निर्णय कार्यान्वयन गर्न असहयोग गर्ने जस्ता समस्या देखिँदै आएका छन्। त्यस्ता समस्याको अध्ययन गरी दीर्घकालीन समाधान निकाल्ने कार्यादेश समितिलाई दिइएको छ।

यस्तै स्थानीय तहमा खटिने कर्मचारीहरूलाई प्रक्रिया नपुगेका, कानुन विपरीतका कार्यको भुक्तानी गर्न दबाब दिने, कर्मचारी नियुक्ति, इन्धन वितरण, अतिथि सत्कार काममा ठुलो खर्च भुक्तानी गर्नुपर्ने जस्ता दबाबमा राख्ने समस्याको समेत अध्ययन गर्ने छ।

स्थानीय तहका जनप्रतिनिधिको दबाबमा हुने कानुन विपरीत कतिपय निर्णयले कर्मचारीहरू भविष्यमा भ्रष्टाचारका मुद्दामा समेत पर्ने जोखिम रहने भएकाले कर्मचारी र जनप्रतिनिधिबिच द्वन्द्व बढी रहेको देखिन्छ।

स्थानीय सरकारहरूको कार्यसम्पादन लाई प्रभावकारी बनाई सुशासन प्रवर्द्धन गर्न समितिले यस सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने छ।

साथै समितिले समस्या समाधानका लागि विभिन्न उपसमिति तथा कार्य समूह गठन गरी काम गर्न सक्नेछ।

## नयाँ सरकारको राजनीतिक नियुक्तिमा देखिँदैछ ...........

मुकेश डंगोललाई महानिर्देशक नियुक्त गरिएको छ। डंगोल तिनै व्यक्ति हुन्, जसलाई प्रदीप अधिकारीको पक्राउपछि उपमहानिर्देशकहरूलाई हाइज्याक गरेर निमित्त महानिर्देशक नियुक्तिको आरोप थियो।

नेपाल धितोपत्र बोर्डको अध्यक्षका लागि ४७ जनाको आवेदन परेकोमा सिफारिस समितिले चारजनाको नाम अन्तिम सूचीमा समावेश गऱ्यो। तीमध्ये अन्तर्वार्ताबाट एक जनाको नाम हटाएर तीन जनाको नाम सिफारिस हुने प्रक्रिया छ।

छानिएका चारै जना विवादित र अयोग्य पात्र नभए पनि आकांक्षी ४७ जनामध्ये चार जनाको छनोट गर्नुको आधार सार्वजनिक भएको छैन। विगतमा सिफारिस समितिमा रहेको तजबिजी अधिकार अहिले पनि उस्तै छ। योग्य मान्छे नियुक्त भए पनि प्रक्रियाबारे पारदर्शिता कायम नहुँदा आशंका गर्ने ठाउँ यहाँ पनि छ।

**सरकारले नत्यागेको तजबिजी अधिकार**

सरकारले विभिन्न राजनीतिक नियुक्ति खारेज गर्ने गरी अध्यादेश ल्याउँदा सबैजसो ऐनमा संशोधन गर्दै वैशाख १२ गतेभन्दा अगाडि भएका नियुक्ति खारेज गर्ने निर्णय गऱ्यो। कानुन नै ल्याएर नियुक्ति खारेज गरिएसँगै सार्वजनिक निकायका पदाधिकारीहरूलाई अदालतको ढोका ढक्ढक्याउने बाटो पनि बन्द भयो।

तर, मेरिटोक्रेसीको आधारमा नयाँ नियुक्त गर्ने घोषणा गरेको सरकारले यसका लागि नयाँ मापदण्ड भने बनाएन। सम्बन्धित कानुनले जुन प्रक्रियाले नियुक्ति प्रक्रिया अघि बढाउने व्यवस्था गरियो। अर्थात्, पुराना भनिएका दलले जुन प्रक्रियाबाट पहिले नियुक्ति हुन्थ्यो, सरकारले समेत यही प्रक्रियालाई निरन्तरता दिएको छ।

सरकारले नियुक्ति खारेज गरेपछि लोकसेवा आयोगले यस्ता नियुक्तिको सिफारिसका लागि नेतृत्व लिन तयार रहेको संकेत समेत गरेको थियो। आयोगका अध्यक्ष माधव रेग्मीले सरकारले जिम्मेवारी दिए आफूहरू काम गर्न तयार रहेको बताएका थिए।

तर, सरकारले तजबिजी अधिकारलाई छोडेन। सोहीअनुसार गठित समितिले नेपाल वायुसेवा निगमको सञ्चालक नियुक्त गर्दा कसले कति अंक पाए भन्ने उल्लेखसमेत गरिएन। धितोपत्र बोर्डको अध्यक्षका आकांक्षीको सर्टलिस्टमा पनि कुनै कारण उल्लेख नै नगरी चारजनाको नाम सर्टलिस्ट गरिएको छ। क्यानको महानिर्देशक नियुक्त गर्दा समेत सोही अवस्था देखिन्छ।

**सरकारले पाइरहेको छ शंकाको सुविधा**

अघिल्ला सरकारका यही विवाद हुन्थ्यो भने यतिबेला मिडियादेखि सामाजिक सञ्जाल तातिसकेको हुन्थ्यो। तर, अहिले आएका असन्तुष्टिका स्वरहरू यत्तिकै सेलाउँदै गएका छन्। पूर्वसांसद समेत रहेका सुशासनविद् खिमलाल देवकोटा नयाँ सरकारले गरेको काममा अहिले नै निष्कर्ष निकाल्ने समय नभए पनि विभिन्न नियुक्तिमा देखिएका समस्यालाई भने राम्रो नभएको बताउँछन्। अहिलेको अवस्थामा सरकारले शंकाको सुविधा पाइरहेको उनको भनाइ छ।

'सरकारले हिजोका नियुक्ति खारेज गर्दा जुन तर्क दिएको थियो, आज नयाँ नियुक्ति गर्दा त्यो तर्क आफैँमाथि खण्डित भइरहेको छ। संरचना र विधि परिवर्तन नगरी तजबिजी अधिकारमै टेकेर अनुहार मात्र फेर्नुलाई सुशासन भन्न सकिँदैन,' उनी भन्छन्, 'नियुक्ति प्रक्रियामा अहिल्यै सरकारको पूर्ण मूल्याङ्कन गरिहाल्ने बेला भने भएको छैन।'

उनका अनुसार नागरिकले खोजेको सुशासन, विकास र समृद्धिको एजेन्डा हो। सरकारले अघिल्लो सरकारले गरेका नियुक्ति खारेज गरेर दलीय प्रभावबाट राज्यका अंगलाई मुक्त गर्ने सन्देश दिन खोजे पनि नयाँ नियुक्ति राम्रो नभए यसलाई न्याय गर्न नसक्ने उनको भनाइ छ।

'अहिले पूर्वाञ्चल वा काठमाडौं विश्वविद्यालयलगायतका ठाउँमा जसरी नियुक्ति भइरहेका छन्, त्यसले आशंका भने पक्कै जन्माएको छ,' उनी भन्छन्, 'म प्रक्रियाभन्दा पनि नतिजामा जोड दिन्छु। संस्थालाई माया गर्ने कस्ता व्यक्तिहरू आउँछन्, त्यो हेर्न बाँकी छ। उत्कृष्टमध्ये पनि उत्कृष्ट व्यक्ति छान्नुपर्छ।'

यद्यपि अहिले नै निराश भइहाल्न भने नपर्ने उनको भनाइ छ। 'अहिलेको सरकारको चुनावी एजेन्डा र सार्वजनिक वाचापत्रमा राज्यलाई दलीयकरणबाट मुक्त गर्ने भन्ने उल्लेख भएकाले अहिलेलाई सरकारलाई शंकाको सुविधा दिनुपर्छ,' उनी भन्छन् 'खराब मान्छे ल्याए भने त हामीले औंला ठड्याउने नै छौं।'

## मधेशमा बढ्दो बेरूजु ............

२७ हजार, नियमित गर्नुपर्ने एक अर्ब ३६ करोड ७३ लाख ४९ हजार र पेस्की फछ्र्योट हुन बाँकी ४४ करोड ९९ लाख ८५ हजार रुपैयाँ छ।

प्रदेशका मन्त्रालय, अन्य संस्था र समितिसमेत गरी १५० निकायको ४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजार रुपैयाँको लेखापरीक्षण सम्पन्न भएको छ। जसमा एक अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। गत वर्षसम्मको नौ अर्ब १० करोड ७४ लाख आठ हजार बेरुजु रहेकामा यो वर्षको थपिँदा १० अर्ब ९८ करोड सात लाख ६९ हजार रुपैयाँ बेरुजु कायम भएको छ।

सरकारले आर्थिक वर्षको अन्तिम समयमा आएर विभिन्न योजनामा रकमान्तर गरेर हतारमा खर्च गर्ने प्रवृत्तिका कारण पनि बेरुजु बढ्दो छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशीर्षकमा तोकिएको सीमाभित्र सम्बन्धित मन्त्रालयका सचिवले र अन्यको सन्दर्भमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। तर, आव २०८१/८२ मा ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँ बजेट स्वीकृत भएकामा २०८२ असारमा एक अर्ब ३४ करोड ८२ लाख ७३ हजार रुपैयाँ रकमान्तर भएको छ।

मधेश प्रदेशसभाको सार्वजनिक लेखा समितिकी सभापति मञ्जु थापा मगर कर्मचारीहरूले वित्तीय दायित्वमा ध्यान नदिनाले पनि बेरुजु देखिएको बताउँछिन्। भन्छिन्, "अबन्डा रकम राख्ने र आर्थिक वर्षको अन्तिमतिर आएर रकमान्तर गर्ने प्रवृत्तिका कारण पनि बेरुजु बढेको छ। सचिवहरूलाई उत्तरदायी ठहऱ्याइए पनि यसतर्फ उनीहरूको ध्यान पुगेको देखिँदैन। मन्त्रीहरूमा पनि जिम्मेवारीको अभाव देखिन्छ।"

मधेश प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्र साह प्रदेशमा कर्मचारीको अभाव रहेको र भएका कर्मचारीहरूमा दक्षताको अभाव रहेकाले बेरुजु देखिएको बताउँछन्। "बेरुजु बढिरहँदा यो प्रदेश नै बदनाम हुने अवस्थामा पुगेको छ," उनी भन्छन्, "यहाँ कर्मचारीहरू दक्ष भएर आउँदैनन्, आएर सिक्ने गरेका छन्। जसले गर्दा बेरुजु बढेको हो।"

**कुन मन्त्रालयको कति बेरुजु ?**

कुल बेरुजुमध्ये मन्त्रालय र निकायहरूमध्ये सबैभन्दा बढी बेरुजु भौतिक पूर्वाधार विकास मन्त्रालयको छ। यस मन्त्रालयको बेरुजु ५९.३१ प्रतिशत छ।

यसपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १२.३७ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयको ९.९८, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको ७.६७ र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको ४.१३ प्रतिशत छ। अन्य बाँकी निकायको बेरुजु ६.५५ प्रतिशत छ।

जेन-जी आन्दोलनका क्रममा भएको आगजनीबाट आव २०८१/८२ का धेरैजसो कागजात जलेर नष्ट भएकाले मधेश प्रदेशसभासहित अन्य निकायको केही रकमको लेखापरीक्षण हुन सकेन। जसमध्ये प्रदेशसभाले विनियोजन ३७ करोड ६७ लाख ४८ हजार, राजस्व ११ लाख ९१ हजार, धरौटी ४२ लाख ४१ हजार गरी ३९ करोड २१ लाख ८० हजार रुपैयाँको स्रेस्ता कागजात क्षति भएको जनाएकाले उक्त रकमको लेखापरीक्षण हुन सकेन।

त्यसैगरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात जलेका कारण आठ करोड ६२ लाख २० हजार, राजस्व एक करोड ३१ लाख ७२ हजार, धरौटी पाँच करोड पाँच लाख ३८ हजार र अन्य कारोबार ४४ करोड १४ लाख ५६ हजार गरी ५९ लाख १३ हजार ९५ हजार रुपैयाँको लेखापरीक्षण गरिएको छैन।

भौतिक पूर्वाधार विकास मन्त्रालय र त्यस मातहतका निकायको एक अर्ब ६ करोड १६ लाख ५० हजार रुपैयाँ बेरुजु देखिएको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि एक करोड २३ लाख २९ हजार फछ्र्योट भएकामा ५४ लाख ७२ हजार थपिँदा एक अर्ब पाँच करोड ४७ लाख ९३ हजार रुपैयाँ बेरुजु छ। सोमध्ये ४२ करोड २० लाख २४ हजार म्याद नाघेको पेस्की बाँकी रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र मातहतका निकायको सात करोड ५१ लाख ५६ हजार रुपैयाँ बेरुजु देखिएकामा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रक्रियाबाट १७ लाख ३८ हजार फछ्र्योट भएकोमा ३० हजार थपिएर सात करोड ३४ लाख ४८ हजार बाँकी छ। त्यसमध्ये एक लाख रुपैयाँ म्याद नाघेको पेस्की बाँकी छ।

वन तथा वातावरण मन्त्रालय र मातहतका निकायको दुई करोड १८ लाख ५४ हजार रुपैयाँ बेरुजु देखिएकामा प्रारम्भिक प्रतिवेदनपछि प्रक्रियाबाट एक लाख ७४ हजार फछ्र्योट गरेपछि दुई करोड १५ लाख ९४ हजार बाँकी छ। जसमध्ये ८९ लाख ४४ हजार रुपैयाँ म्याद नाघेको पेस्की छ।


**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

**औरही गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, औरही**
मधेश प्रदेश, सिरहा (नेपाल)